# केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज
# काठमाडौं
## "दण्डहिनता विरुद्ध CIB को अभियान"

महाराजगंज, काठमाडौं।
मिति २०७६/१०/१०गते।

**बिषयः**- प्रेस विज्ञप्ती

**"फरार प्रतिवादीहरु पक्राऊ"**

परिवर्तित नाम भक्तपुर जगते २७ F को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पुर्ण बहादुर खड्का भएको जबरजस्ती करणी मुद्दामा उच्च अदालत पाटनको मिति २०७५/०७/२६ गतेको फैसलाले २ वर्ष ६ महिना कैद सजाय ठहर भई फरार रहेका जिल्ला ओखलढुंगा सिंहदेवी गा.वि.स. वडा नं.-७, हाल भक्तपुर सिपाडोल -६ वस्ने वर्ष ५६ को कृष्ण बहादुर खड्काको छोरा पुर्ण बहादुर खड्कालाई यस कार्यालयबाट खटिएको टोलीले मिति २०७६/१०/०९ गते भक्तपुर सुर्यबिनायकबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि भक्तपुर जिल्ला अदालत मार्फत कारागार कार्यालय डील्लीबजार पठाईएको ।

मिति २०७२/११/२१ गते अं. १७:०० बजेको समयमा निज प्रतिवादीले एक १५ बर्षीय सुस्त मनस्थिति भएकी बालिकालाई रु. १० रुपैया दिई ललाई फकाई अनुचित प्रभावमा पारी घरमा कोही नभएको मौका पारी जिल्ला भक्तपुर सुर्यविनायक न.पा. वडा नं. ६ सिपाडोल स्थित आफ्नै घरको कोठामा लगी जबरजस्ती करणी गरेको भन्ने अनुसन्धानबाट खुल्न आएको थियो।

त्यस्तै, विकास थापाको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी राजेश वम भएको निज प्रतिवादीले आफ्नो खातामा प्रयाप्त रकम नभएको थाहा हुदा हुदै माछापुच्छ्रे बैंक न्यूरोड शाखामा रहेको खाताबाट जाहेरवाला विकाश थापाले भुक्तानी पाउने गरी रु. ३,५०,००/- को चेक काटी चेक बाउन्स भएको बैकिङ्ग कसूर मुद्दामा उच्च अदालत पाटनको मिति २०७६/०५/३० गतेको फैसलाले विगो बमोजिम रु. ३,५०,०००/- जरिवाना र ५ दिन कैद सजाय हुने ठहर भई फरार भएका जिल्ला कन्चनपुर शुक्लाफाटा न.पा. वडा नं. ९ घर भई जिल्ला काठमाडौं का.म.न.पा. १२ कलंकी बर्ष ३० का राजेश बमलाई यस कार्यालयबाट खटीएको टोलिले मिति २०७६/१०/०८ गते कलंकी काठमाडौंबाट पक्राउ गरी काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा निजलाई केन्द्रीय कारागार कार्यालय सुन्धारा पठाईएको।

**पक्राउ कसूरदारहरुः-**



1. **नामः-** पुर्ण बहादुर खड्का
   **उमेरः** ५६ बर्ष
   **ठेगानाः**- जिल्ला भक्तपुर सिपाडोल -६
   **मुद्दाः**- जबरजस्ती करणी
   **कैदः-** २ बर्ष ६ महिना



2. **नामः-** राजेश वम
   **उमेरः** ३० बर्ष
   **ठेगानाः**- कलंकी, काठमाडौं
   **मुद्दाः**- बैकिङ्ग कसूर
   **कैदः-** ५ दिन जरिवानाः- रु. ३,५०,०००

प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नम्बर ९८५१२९१३११